

## वातावरण: वन, उर्जा तथा पर्यावरणीय सेवा

**नगर क्षेत्रको फोहोरमैलाको दिगो व्यवस्थापन गर्दै दिगो व्यावसायिक उत्पादनमा सार्वजनिक निजी साझेदारी मार्फत हरित साना तथा मझौला उद्यम, हरित नगर, हरित कृषि उत्पादन र हरित रोजगारी सृजना (हरित उद्यमशीलताका लागि सार्वजनिक निजी साझेदारी)**

### परिचय:

चार वर्षे यस परियोजनाले इलाम नगरपालिका र निजी क्षेत्र बीच सार्वजनिक निजी साझेदारीको सुरुवात गरी फोहोरमैला व्यवस्थापन चक्रको व्यावसायीकरण गर्नेछ । यस परियोजनालाई युरोपियन युनियनले आर्थिक सहयोग प्रदान गरेको छ ।

यस परियोजनाले दिगो फोहोरमैला व्यवस्थापनका चार वटा आयामहरुः हरित साना तथा मझौला उद्यम, हरित नगर, हरित कृषि उत्पादन र हरित रोजगारीलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । साना तथा मझौला उद्यमले सड्ने तथा नसड्ने फोहोरका लागि सुव्यवस्थित फोहोरमैला व्यवस्थापन संयन्त्र सृजना गर्दछ र यस संयन्त्र अन्तर्गत फोहोरमैला संकलन, पुनःचक्रण र चिया तथा तरकारी खेतीका लागि कम्पोष्ट प्लान्ट मार्फत उन्नत जैविक/ प्राङ्गारिक मलको उत्पादन तथा बिक्री वितरण को व्यवस्थापन गर्दछ ।

हरित नगरको रणनीतिक योजना अन्तर्गत दिगो फोहोरमैला व्यवस्थापनको पक्षलाई सम्बोधन गर्दै फोहोरमैला व्यवस्थापन गर्नका लागि सार्वजनिक निजी साझेदारी द्वारा कम्पोष्ट प्लान्ट स्थापना तथा संचालन गर्ने यस परियोजनाको मुख्य उद्देश्य रहेको छ । साथै, यो परियोजना नेपालको अन्य नगरपालिकामा "हरित उद्यमशीलताका लागि सार्वजनिक निजी साझेदारी" अवधारणा विस्तार गर्नका लागि कोसेढुंगा सावित हुनेछ ।










## यस परियोजनाको उद्देश्यहरुः

- सार्वजनिक निजी साझेदारी मार्फत दिगो फोहोरमैला व्यवस्थापन प्रणाली स्थापना गर्ने
- कम्पोष्ट प्लान्ट निर्माण तथा संचालन
- साना तथा मझौला कृषि, तरकारी र चिया उद्यमीलाई प्राङ्गारिक मलको प्रयोगमा उत्प्रेरित गर्न प्रोत्साहन गर्ने
- जैविक मलमा आधारित, साना तथा मझौला कृषि, तरकारी र चिया उद्यमलाई सम्भाव्य आर्थिक अवसरहरुमा पहुँच पुऱ्याउन सहयोग गरी हरित उद्यमशीलतालाई बढावा दिने
- पुनःचक्रिय फोहोरमा आधारित उद्यमीहरुलाई उचित व्यवस्था, प्रविधि र आर्थिक सम्भावनाका अवसर सम्म पहुँच पुऱ्याउन सहयोग गर्ने



## अपेक्षित उपलब्धिहरु :

- सार्वजनिक निजी साझेदारी मार्फत दिगो फोहोरमैला व्यवस्थापन प्रणाली स्थापित हुनेछ ।
- इलामको वातावरण तथा भुगोल अनुसार कम्पोष्ट प्लान्ट निर्माण तथा संचालन हुनेछ ।
- दिगो फोहोरमैला व्यवस्थापन सम्बन्धि थप नीतिको मस्यौदा तयार भई सोही अनुसार फोहोरमैला व्यवस्थापन हुनेछ ।
- प्रत्येक घर र टोल विकास संस्थाहरु सक्रिय रुपमा फोहोरमैला वर्गीकरण र व्यवस्थापनमा संलग्न हुनेछन् ।
- फोहोरमैला व्यवस्थापन गर्ने साना तथा मझौला हरित उद्यमहरु स्थापना भई रोजगारीको अवसरहरु सृजना हुनेछन् ।
- कम्पोष्ट प्रयोग गरी प्राङ्गारिक तरकारी खेती गर्ने कृषि समुह र कृषि सहकारीहरुको वृद्धि हुनेछ ।
- अर्थोडक्स र सि.टि.सि. चिया उत्पादक उद्योगहरुको उच्च गुणस्तरको प्राङ्गारिक चिया उत्पादन गरी निर्यातमा वृद्धि हुनेछ ।
- स्थानीय वित्तीय संस्थाहरु विश्वस्त भई फोहोरमैला व्यवस्थापन सम्बन्धी साना तथा मझौला उद्यम र कृषि सहकारीमा ऋण लगानी गर्नेछन् ।



**यहाँ उल्लेखित जानकारीहरु युरोपियन युनियनको आधिकारीक जानकारी हुनु जरुरी छैन**

**कार्यक्रम सहयोग**

funded by EUROPEAN UNION switchasia PROGRAMME

**साझेदार संस्थाहरु**

Ilam Municipality · Green Ilam · WINROCK INTERNATIONAL Putting Ideas to Work · PlaNet Finance · NCDC

**थप जानकारीको लागि सम्पर्क :**

वीनरक ईन्टरनेशनल | पशुपति कोलोनी, देवकोटा सडक, मध्य बानेश्वर | पो. बक्स १३१२, काठमाडौं | फोन नं: ९७७-१-४४६७०८७ | फ्याक्स : ९७७-१-४४७६१०९ | ईमेल : winrocknepal@winrock.org.np | वेबसाइट : www.winrock.org.np/switchasia

इलाम नगरपालिका | भानुपथ, इलाम | फोन नं: ९७७-२७-५२००३१

नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC) | इ.नं.पा.-७, धोबिधारा, इलाम | फोन नं: ९७७-२७-५२०४११, ५२०७९२ | ईमेल : ncdcilam@ntc.net.np | वेबसाइट : www.ncdcilam.org.np

@2015 All Rights Reserved